# सन् २०१४ डाइभर्सिटी आप्रवासी भिसा कार्यक्रम (डिभी-२०१४) सम्बन्धी निर्देशिका

अमेरिकी कंग्रेसको कार्यादेश प्राप्त डाइभर्सिटी आप्रवासी भिसा कार्यक्रम अमेरिकी विदेश मन्त्रालयले वार्षिक रुपमा र संयुक्त राज्य अमेरिकाको कानून विशेषतः आप्रवासी तथा राष्ट्रियतासम्बन्धी ऐनको दफा २०३(ग) मा आधारित रही सञ्चालन गर्दछ । यस कानूनले "डाइभर्सिटी आप्रवासी" का रुपमा चिनिने एक वर्गका आप्रवासीका लागि भिसा प्रदान गर्ने व्यवस्था गरेको छ जस अनुरुप ऐतिहासिक रुपमा कम दरमा अमेरिका आप्रवासन गर्ने देशका व्यक्तिहरूलाई भिसा उपलब्ध गराइन्छ । आर्थिक वर्ष सन् २०१४ का लागि ५०,००० डाइभर्सिटी भिसा (डिभी) उपलब्ध गराइनेछ ।

वार्षिक डिभी कार्यक्रमले सरल तर कडा योग्यताका मापदण्डहरू पूरा गर्ने व्यक्तिहरूलाई भिसा उपलब्ध गराउँदछ । डिभीका उम्मेदवारहरूको चयन कम्प्युटरद्वारा विनाक्रमबद्ध तरिकाले हुन्छ । भिसाहरू छ भौगोलिक क्षेत्रमा वितरण गरिन्छ र हरेक क्षेत्रमा कुनै पनि एक देशले कुनै पनि एक वर्षमा उपलब्ध हुने डिभीको सात प्रतिशत संख्याभन्दा बढी भिसा प्राप्त गर्ने छैन । ऐतिहासिक रुपमा कम दरमा अमेरिका आप्रवासन गर्ने देशका नागरिकलाई भिसा छुट्याइने गरिन्छ । विगत पाँच वर्षमा संयुक्त राज्य अमेरिकामा ५०,००० भन्दा बढी आप्रवासीहरू पठाउने देशका नागरिकहरू डाइभर्सिटी भिसा कार्यक्रमका लागि योग्य हुने छैनन् ।

डिभी-२०१४ का लागि निम्न देश[1]का नागरिकहरू योग्य हुने छैनन् किभने यी देशले विगत पाँच वर्षमा ५०,००० भन्दा बढी आप्रवासीहरू संयुक्त राज्य अमेरिका पठाइसकेका छन् :

**बङ्गलादेश, ब्राजिल, क्यानडा, चीन (मुख्य भूमिमा जन्मेका), कोलोम्बिया, डोमिनिकन रिपब्लिक, एक्वाडोर, एल साल्भाडोर, हाईटी, भारत, जमेका, मेक्सिको, पाकिस्तान, पेरु, फिलिपिन्स, दक्षिण कोरिया, संयुक्त अधिराज्य (उत्तरी आयरल्यान्ड बाहेक) र उसका आश्रित भुभाग, र भियतनाम ।**

हङ्कङ्ग विशेष प्रशासनिक क्षेत्र, मकाउ विशेष प्रशासनिक क्षेत्र, र टाइवानमा जन्मिएका व्यक्ति योग्य छन् ।

योग्यताका सम्बन्धमा यस वर्ष गरिएका परिवर्तन :

**डिभी-२०१४ का लागि ग्वाटेमालाका नागरिक पनि छनौटका लागि अब योग्य भएका छन् ।**

डिभी पक्रियालाई अझ बढी प्रभावशाली र सुरक्षित बनाउन अमेरिकी विदेश मन्त्रालयले डिभी-२००५ देखि इलेक्ट्रोनिक दर्ता प्रणाली लागू गरेको हो । गैरकानूनी आप्रवासीको उद्देश्यले जालसाजी गर्ने वा एकपटकभन्दा बढी आवेदन बुझाउने व्यक्तिको पहिचान गर्नका लागि मन्त्रालयले विशेष प्रविधि तथा अन्य स्रोत साधनहरूको प्रयोग गर्छ ।

---

[1] "देश" भन्नाले यस निर्देशिकाको अन्त्यमा स्पष्टतया सूचित देश, अर्थतन्त्र, र अन्य क्षेत्राधिकारहरु पर्दछन् ।

## डिभी दर्ता गर्ने अवधि

डिभी-२०१४ डिभी कार्यक्रमका लागि आवेदन इलेक्ट्रोनिक माध्यमबाट सन् २०१२ अक्टोबर २ तारिख मंगलबार ईस्टर्न डेलाइट टाइम (जीएमटी -४) को मध्यान्ह र सन् २०१२ नोभेम्बर ३ तारिख शनिबार ईस्टर्न डेलाइट टाइम (जीएमटी -४) को मध्यान्हभित्र बुभाइसक्नुपर्ने छ। आवेदकहरूले इलेक्ट्रोनिक डिभी आवदेन फारम (ई-डिभी) www.dvlottery.state.gov मा दर्ता अवधिभर प्राप्त गर्न सक्नुहुनेछ। कागजीय आवेदन स्वीकार गरिने छैन। आवेदकहरूलाई आफ्नो आवेदन भर्न दर्ता अवधिको अन्तिम हप्तासम्म नकुर्न विशेष अनुरोध गर्दछौं। अन्तिम हप्तामा धेरैले भर्ने हुँदा वेबसाइट ढिलो चल्ने हुनसक्छ। सन् २०१२ नोभेम्बर ३ ईस्टर्न डेलाइट टाइमको मध्यान्ह पछि कुनै पनि आवेदन स्वीकार गरिने छैन।

## आवेदनका लागि आवश्यकता

- **डिभी कार्यक्रममा सहभागी हुन तपाईं सूचीकृत गरिएका मध्ये कुनै एक देशको नागरिक हुनुपर्दछ।** डिभी-२०१४ मा भाग लिन योग्य देश/क्षेत्रहरुको सूची हेर्नुहोस्।

  **योग्यताप्राप्त देशको नागरिक :** प्रायः अवस्थामा यसले आफू जन्मिएको देशलाई जनाउँछ। तर तपाईंले अन्य दुई तरिकाबाट पनि योग्यता प्राप्त गर्न सक्नुहुन्छ। पहिलो, यदि तपाईंको जन्म त्यस्तो देशमा भएको हो जहाँका नागरिक डिभीका लागि अयोग्य छन् तर तपाईंको पति वा पत्नीको जन्म त्यस्तो देशमा भएको हो जहाँका नागरिक डिभीका लागि योग्य छन् भने तपाईंले आफ्नो पति वा पत्नीको जन्मदेशको नागरिकताको हक दाबी गर्न सक्नुहुनेछ - तर दुबै तपाईं र तपाईंको पति वा पत्नी छनौटमा परी भिसा प्राप्त गरी एकैसाथ अमेरिका प्रवेश गर्नुपर्दछ। दोस्रो, यदि तपाईंको जन्म त्यस्तो देशमा भएको हो जहाँका नागरिक डिभीका लागि योग्य छैनन् तर तपाईंका दुबै आमाबुबाको जन्म आफू जन्मेको देशमा नभएको वा तपाईंको जन्म भएको बेला त्यहाँ वसोवास नगरेको भएमा तपाईंले आफ्नो आमा वा बुबा मध्ये कुनै एकको जन्मदेशको नागरिकताको हक दाबी गर्न सक्नुहुनेछ, यद्यपि सो देशका नागरिक डिभी-२०१४ का लागि योग्य हुनुपर्नेछन्।

- **डिभी कार्यक्रममा सहभागी हुन तपाईंले या त शैक्षिक योग्यता *वा* कामको अनुभवसम्बन्धी आवश्यकता पूरा गरेको हुनुपर्दछ।** तपाईंले माध्यमिक तहको शिक्षा वा त्यसको समानार्थ शिक्षा हासिल गरेको हुनुपर्दछ जसको अर्थ प्राथमिक र माध्यमिक गरी १२ वर्षे शिक्षा सफलताका साथ पूरा गरेको हुनुपर्दछ। **वा** तपाईंसँग विगत पाँच वर्षमा दुई वर्षको कामको अनुभव हुनुपर्दछ - त्यस्तो काम जसको लागि कम्तीमा दुई वर्षको तालिम वा अनुभव आवश्यक पर्दछ। तपाईंको कामको अनुभव योग्य भए नभएको निर्धारण युएस् डिपार्टमेन्ट अफ लेबरको O*Net OnLine को डेटाबेसद्वारा गरिनेछ। प्रमुख डिभी आवेदकको कामको अनुभव डिभीको लागि योग्य हुने नहुनेसम्बन्धी जानकारी लिन बारम्बार सोधिने प्रश्न #१३ हेर्नुहोस्।

यदि तपाईंले यी मध्ये कुनै पनि आवश्यकता पूरा गर्नुभएको छैन भने तपाईंले डिभीका लागि आवेदन **नहाल्नुहोस् ।**

## डिभी-२०१४ को लागि आवेदन हाल्ने प्रक्रिया

- अमेरिकी विदेश मन्त्रालयले सन् २०१२ अक्टोबर २ तारिख मंगलबार ईस्टर्न डेलाइट टाइम ( जीएमटी -४) को मध्यान्ह र सन् २०१२ नोभेम्बर ३ तारिख शनिबार ईस्टर्न डेलाइट टाइम ( जीएमटी -४) को मध्यान्हबीचको दर्ता अवधिभित्र इलेक्ट्रोनिक रुपमा www.dvlottery.state.gov मा बुझाईएको पूर्ण रुपमा भरिएको ई-डिभी फारमलाई मात्र स्वीकार गर्नेछ ।
    - यदि एकै व्यक्तिबाट एकभन्दा बढी आवेदन परेको खण्डमा जोसुकैले आवदेन हालेको भएता पनि सो व्यक्तिका सबै आवेदन रद्द हुनेछन् । तपाईं आफू स्वयंले आवेदन तयार गरी बुझाउन सक्नुहुनेछ वा कसैको सहयोग लिई बुझाउन सक्नुहुनेछ । डिभी कार्यक्रममा दर्ता गर्नको लागि **कुनै शुल्क लाग्दैन** ।
    - सबै निर्देशन पालना गरी बुझाईएको आवेदन दर्ता भएमा तपाईंले एक “कन्फर्मेशन स्क्रीन” देख्नुहुनेछ जसमा तपाईंको नाम र “युनिक कन्फर्मेशन नम्बर” भेट्टाउनुहुनेछ । आफ्नो अभिलेखको लागि आफ्नो वेब ब्राउजरको प्रिन्ट फङ्कशन प्रयोग गरी सो कन्फर्मेशन स्क्रीन प्रिन्ट गर्नुहोस् र आफ्नो कन्फर्मेशन नम्बर सुरक्षित राख्नुहोस् । सन् २०१३ मे १ देखि तपाईंले आफ्नो डिभी-२०१४ आवदेनको स्टेटस चेक गर्न सक्नुहुन्छ । त्यसको लागि www.dvlottery.state.gov मा गई “एन्ट्रन्ट स्टेटस चेक”मा क्लिक गरी आफ्नो युनिक कन्फर्मेशन नम्बर र व्यक्तिगत जानकारी हाल्नुहोस् । केवल एन्ट्रन्ट स्टेटस चेक मार्फत मात्र तपाईंले आफू डिभी-२०१४ का लागि छनौट भए नभएको पत्ता लगाउन सक्नुहुनेछ । त्यसमा आफ्नो आवेदनको प्रक्रिया कसरी अगाडि बढाउने भन्ने बारे निर्देशन दिइएको हुन्छ र आप्रवासी भिसा अन्तर्वार्ताका लागि तपाईंको समय समेत दिइएको हुन्छ । त्यसकारण तपाईंले आफ्नो कन्फर्मेशन नम्बर सुरक्षित राख्न अत्यावश्यक छ ।
    - कागजीय आवेदन स्वीकार गरिदैन । २०१४ डाइभर्सिटी भिसा कार्यक्रममा सहभागी हुने एउटै तरिका इलेक्ट्रोनिक प्रक्रियाद्वारा हो ।

- **आवेदन भर्दा तपाईंले आफ्नो पति वा पत्नी र २१ वर्ष मुनिका सबै जीवित अविवाहित बालबालिकाको नाम उल्लेख गर्नुपर्दछ ।** उनीहरू आफूसँगै वसोवास गर्ने भएता पनि वा नभएता पनि वा तपाईं साथ अमेरिका आप्रवासन गर्ने मनासय राखेको भएता पनि वा नभएता पनि सबैको नाम उल्लेख गर्नुपर्दछ । यदि बालबालिका अमेरिकी नागरिक वा वैध स्थायी निवासी हुन् भने उनीहरूको नाम उल्लेख गर्नुपर्दैन । अमेरिकी नागरिक वा वैध स्थायी निवासी भैसकेका पति वा पत्नी वा बच्चालाई डिभी भिसा आवश्यक पर्दैन र जारी गरिने छैन । यस निर्देशन पालना नगर्ने व्यक्तिको आवेदन बदर हुनसक्छ ।

- तपाईंले सबै फोटो बुझाउन अत्यावश्यक छ । यदि आवश्यक सबै फोटोहरू नबुझाएको खण्डमा तपाईंको आवेदन बदर हुनेछ । ई-डिभी फारमसाथ तपाईंले निम्न व्यक्तिको हालै खिचिएको फोटो ईलेक्ट्रोनिक माध्यमद्वारा पेश गर्नुपर्दछ :
    - आफ्नो
    - आफ्नो पति वा पत्नीको
    - आवेदन बुझाउँदाको समयमा २१ वर्ष मुनिका सबै जीवित अविवाहित बालबालिका जसअन्तर्गत सबै प्राकृतिक सन्तान तथा कानूनी रुपमा ग्रहण गरिएका धर्मसन्तान र सौतेनी सन्तान पनि पर्दछन् । र कुनै पनि बच्चा आफूसाथ वसोवास गर्ने भएता पनि वा नभएता पनि वा आफूले डिभी कार्यक्रम अन्तर्गत उनीहरूलाई पनि आप्रवासन गराउने मनासय राख्नुभएको भएता पनि वा नभएता पनि सबैको नाम उल्लेख गरिएको हुनुपर्दछ । अमेरिकी नागरिक वा अमेरिकामा वैध स्थायी निवासी भइसकेका पति वा पत्नी वा बच्चाको फाटो समावेश गरिनुपर्दैन ।

**आवेदनमा उल्लेख गरिएको पति वा पत्नी तथा हरेक बच्चाको फोटो पेश नगरिएको खण्डमा ई-डिभी फारम आवेदन अपूर्ण हुनेछ । त्यस्तो आवेदन स्वीकृत नहुने हुँदा आवेदन पुनः पेश गर्नुपर्ने हुन्छ ।** सामूहिक वा पारिवारिक फोटो स्वीकृत हुनेछैनन् । हरेक पारिवारिक सदस्यको छुट्टै फोटो हुनुपर्दछ ।

**ई-डिभी भर्दा हरेक व्यक्तिको सही फोटो नराखिएको खण्डमा प्रमुख आवेदक अयोग्य ठहर भई भिसाको अन्तर्वार्ताको बेला आवेदनसँग सम्बद्ध सबै भिसाहरू अस्वीकृत हुनेछन् ।** फोटोहरू हालै खिचिएको नभएमा वा अनुहारको स्वरुप मिलाइएको भएमा वा तल उल्लिखित निर्देशनहरू पूर्ण रुपमा पालना नगरिएको भएमा आवदेन बदर हुनसक्ने तथा भिसा अस्वीकृत हुन सक्नेछ ।

## डिजिटल फोटो बुझाउँने तरिका


तपाईंले आफ्नो, आफ्नो पति वा पत्नीको तथा हरेक बच्चाको डिजिटल फोटो ई-डिभी फारम सहित अनलाइन पेश गर्नुपर्दछ । तपाईंको फोटो फाइल नयाँ डिजिटल फोटो वा प्रिन्ट गरिएको फोटोको डिजिटल स्क्यान हुनसक्छ । तपाईंको फोटो फाइल तल उल्लिखित कम्पोजिशन र टेक्निकल विवरण अनुसारको हुनुपर्दछ । आवेदकहरूले आवेदन पेश गर्नुपूर्व आफ्नो फोटो मिले नमिलेको हेर्न ई-डिभी वेबसाइटको “फोटो भ्यालिडेशन” (photo validation) लिङ्क मार्फत हेर्नसक्नुहुनेछ । फोटो भ्यालिडेशनले स्वीकार्य र अस्वीकार्य फोटोहरूको उदाहरण लगायत फोटो कम्पोजिशनसम्बन्धी थप टेक्निकल सल्लाह सुझाव प्रदान गर्छ ।

**कम्पोजिशनसम्बन्धी आवश्यकता :** तपाईंले बुझाउनु भएको डिजिटल फोटो तल उल्लिखित कम्पोजिशन अनुरुपको हुनुपर्दछ, नत्र तपाईंको आवेदन बदर हुनेछ ।

- **टाउकोको पोजिशन**
    - फोटो लिईने व्यक्तिले सिधा क्यामेरामा हेर्नुपर्दछ ।

- टाउको माथि, तल वा दायाँ-बायाँ ढल्केको हुनुहुँदैन ।
- टाउकोको लम्बाइ वा अनुहारको साइज (कपाल समेत गरी टाउकोको टुप्पा देखि चिउँडोको तल्लो भागसम्म) फोटोको पूरा लम्बाइको ५० देखि ६९ प्रतिशत बीच हुनुपर्दछ । आँखाको उचाइ (फोटोको तल्लो भाग देखि आँखासम्म) फोटोको लम्बाइको ५६ देखि ६९ प्रतिशत बीच हुनुपर्दछ ।

- **टाउकोको आकारसम्बन्धी डिजिटल फोटो नमूना**




फोटोका आवश्यकतासम्बन्धी उदाहरणहरू यस वेबपेजमा गई हेर्नुहोस् ।

- **पृष्ठभूमि**
  - सादा रङ्गको उज्यालो पृष्ठभूमिमा फोटो खिच्नुपर्दछ ।
  - अध्यारो वा बुट्टेदार पृष्ठभूमि मान्य हुनेछैन ।

- **फोकस**
  - फोटो फोकसमा हुनुपर्छ ।

- **साजसज्जाका सामग्री**
  - अनुहार स्पष्ट रुपमा पहिचान गर्न नसकिने गरी कालो चश्मा वा अन्य पहिरनका सामग्री लगाएको हुनुहुँदैन ।

- **शिर ढाँक्ने वस्त्र वा टोपीहरू**
  - धार्मिक मान्यता अनुरुप लगाइएका टोपी वा शिर ढाँक्ने वस्त्र मात्र स्वीकार गरिनेछ । तर शिर ढाँक्ने वस्त्रले आवेदकको अनुहारको कुनै पनि भाग ढाँकेको हुनुहुँदैन । कुनै धार्मिक कारणका लागि नभई टाउकोमा लगाइने जातीय वा अन्य वस्त्र मान्य हुनेछैन । सेना, वायुसेवा, वा अन्य क्षेत्रमा कार्य गर्दा लगाइने टोपी मान्य हुनेछैन ।

**फोटो २४-बिट कलर डेप्थमा तयार गरिएको रङ्गिन फोटो हुनुपर्दछ ।** रङ्गिन फोटो क्यामेराबाट कम्प्युटरमा डाउनलोड गर्न सकिन्छ वा कम्प्युटरमा स्क्यान गर्न सकिन्छ । यदि स्क्यानर प्रयोग गर्दै हुनुहुन्छ भने "Settings" लाई "True Color" वा "24-bit color mode" मिलाउनुहोस् । स्क्यान गर्नेसम्बन्धी थप आवश्यक जानकारीका लागि तल हेर्नुहोस् ।

## टेक्निकल विवरण

तपाईंले पेश गर्नुहुने डिजिटल फोटो तल उल्लिखित विवरण अनुरुप हुनुपर्दछ, नत्र सिस्टमले तपाईंको ई-डिभी आवेदन स्वतः इन्कार गरिदिनेछ ।

- **नयाँ डिजिटल तस्वीर लिने सम्बन्धी** : नयाँ डिजिटल तस्वीर लिंदा निम्न आवश्याकता पूरा गरेको हुनुपर्दछ ।

  तस्वीर फाइलको फरम्याट : फोटो Joint Photographic Experts Group (JPEG) फरम्याटमा हुनुपर्दछ ।

  तस्वीर फाइलको साइज : तस्वीरको अधिकतम साइज २४० किलोबाइट (२४० केबी) हुनुपर्दछ ।

  तस्वीरको रेजोल्युशन र डाइमेन्सन : न्यूनतम स्वीकार्य डाइमेन्सन ६०० पिक्सेल (चौडाइ) X ६०० पिक्सेल (लम्बाइ) हुनुपर्दछ ।

  तस्वीरको कलर डेप्थ : तस्वीर रङ्गिन हुनुपर्दछ (२४ बिट्स पर पिक्सेल) । २४-बिट ब्ल्याक एण्ड व्हाइट वा ८-बिट तस्वीर स्वीकार हुने छैनन् ।

- **फोटो स्क्यान गर्ने सम्बन्धी :** फोटो स्क्यान गर्नु अगाडि फोटोले माथि उल्लिखित कम्पोजिशनसम्बन्धी आवश्यकताहरू पूरा गरेको हुनुपर्दछ । यदि फोटोले प्रिन्ट कलर र कम्पोजिशनसम्बन्धी आवश्यकताहरू पूरा गरेमा फोटोलाई तल उल्लिखित आवश्यकताहरू पूरा हुने गरी स्क्यान गर्नुहोस् ।

  स्क्यानरको रेजोल्युशन : कम्तीमा ३०० dots per inch (dpi) मा स्क्यान गर्ने ।

  तस्वीर फाइलको फरम्याट : फोटो Joint Photographic Experts Group (JPEG) फरम्याटमा हुनुपर्दछ ।

  तस्वीर फाइलको साइज : तस्वीरको अधिकतम साइज २४० किलोबाइट (२४० केबी) हुनुपर्दछ ।

तस्वीरको रेजोल्युशन : ६०० x ६०० पिक्सेल

तस्वीरको कलर डेप्थ : २४-बिट कलर । (याद गर्नुहोस् ब्ल्याक एण्ड व्हाइट, मोनोक्रोम, वा ग्रेस्केल तस्वीरहरू स्वीकार हुने छैनन् ।)

## इलेक्ट्रोनिक आवेदनमा उपलब्ध गराउनुपर्ने जानकारी

डिभी-२०१४ को लागि आवेदन एउटै तरिकाले मात्र भर्न मिल्छ । तपाईंले DS-5501 नामको इलेक्ट्रोनिक डाइभर्सिटी भिसा आवदेन फारम (इ-डिभी आवेदन फारम) भरेर पेश गर्नुपर्दछ जुन ईडिभीको वेबसाइट www.dvlottery.state.gov मा मात्र उपलब्ध छ । **फारम पूर्ण रुपमा नभरिएमा आवेदन रद्द गरिनेछ । ई-डिभी फारम भर्दा तल उल्लिखित जानकारी उपलब्ध गराउनुपर्दछ ।**

**सूचना : अमेरिकी विदेश मन्त्रालय "भिसा कन्सल्टेन्ट", "भिसा एजेन्ट" वा अन्य व्यक्ति मार्फत आफ्नो आवेदन नभराउन विशेष अनुरोध गर्दछ । यदि तपाईंले आफ्नो आवेदन भर्न कसैको (तेस्रो पक्षको) मद्दत लिंदैहुनुहुन्छ भने आवेदन भर्ने समयमा तपाईं साथमा उपस्थित हुनुपर्दछ ताकी तपाईंले कन्फर्मेशन पेज र आफ्नो युनिक कन्फर्मेशन नम्बर प्राप्त गर्न सक्नुहुनेछ । आवेदन भरिदिनेहरूले तपाईंको कन्फर्मेशन नम्बर लुकाई गैरकानूनी रुपमा तपाईंबाट पैसा असुली गर्न वा कुनै किसिमको सेवाको माग राख्नसक्छ जबकी कन्फर्मेशन नम्बर तपाईंलाई आवेदन भरिसकेपछि स्वत: उपलब्ध हुन्छ ।**

**याद गर्नुहोस् : तपाईंलाई पछि ई-डिभी वेबसाइटमा छिर्न डिभी-२०१४ अन्लाइन आवेदन दर्ता गर्दा आफूले प्राप्त गर्नुभएको आफ्नो युनिक कन्फर्मेशन नम्बरको आवश्यक पर्दछ । तपाईंको आवेदन अवस्था परीक्षण (Entrant Status Check) द्वारा छानिए नछानिएको पत्ता लगाउन तपाईंले सन् २०१३ मे १ पछि ई-डिभी वेबसाइटमा (www.dvlottery.state.gov) गई चेक गर्नुपर्ने हुन्छ । तपाईं डिभी-२०१४ का लागि छानिनु भए नभएको थाहा पाउने एउटै माध्यम आवेदन अवस्था परीक्षण (Entrant Status Check) हुनेछ । त्यसमार्फत तपाईंले आफ्नो आवेदनको प्रक्रियालाई कसरी अगाडि बढाउने भन्ने बारे निर्देशन तथा तपाईंको आप्रवासी भिसाको अन्तर्वार्ता मिति र समय प्राप्त गर्नुहुनेछ । तपाईंसँग आफ्नो कन्फर्मेशन नम्बर छैन भने तपाईंले आफ्नो डिभी आवेदनको स्थिति बुझ्न सक्नुहुने छैन ।**

१. **पूरा नाम** - थर, नाम, बीचको नाम । आफ्नो नाम राहदानीमा लेखिए अनुरुप दुरुस्त लेख्नुहोस् ।

२. **जन्म मिति** - दिन, महिना, वर्ष

३. **लिङ्ग** - पुरुष वा महिला

४. **जन्मिएको शहर**

५. **जन्मिएको देश** - देशको नाम आफ्नो जन्मस्थलका रुपमा हाल प्रयोग भइरहेका स्थान हुनुपर्दछ ।

**६. योग्यताको देश वा डिभी कार्यक्रमका लागि दाबीयोग्य अन्य देश** - तपाईं जन्मिएको देश नै तपाईंको योग्यताको देश हुनेछ । तपाईं हाल वसोवास गर्नुभएको देश तपाईंको योग्यताको देश होइन । यदि तपाईं डिभी कार्यक्रमका लागि योग्य नरहेको देशमा जन्मिनुभएको हो भने कृपया तपाईंको लागि अन्य देशबाट दाबी (chargeability) को विकल्प रहे नरहेको बारे निर्देशनहरू हेर्नुहोस् । चार्जेबिलिटीसम्बन्धी थप जानकारीका लागि कृपया "बारम्बार सोधिने प्रश्न नं १" हेर्नुहोस् ।

**७. फोटो(हरू) बुझाउनेसम्बन्धी** - फाटोसम्बन्धी विवरणका लागि लागि टेक्निकल विवरण हेर्नुहोस् । आफ्नो पति वा पत्नी र सबै छोराछोरीको फोटो (लागू भएको खण्डमा) समावेश गर्न नछुटाउनुहोस् । बारम्बार सोधिने प्रश्न नं ३ हेर्नुहोस् ।

**८. चिठी पठाउने ठेगाना** - नाम, ठेगाना, शहर/गाउँ, जिल्ला/देश/प्रान्त/राज्य, हुलाकी कोड/जिप कोड, र देश

**९. हाल वसोवास गरिरहनुभएको देश**

**१०. फोन नम्बर (ऐच्छिक)**

**११. ईमेल ठेगाना - आफ्नो प्रत्यक्ष पहुँच भएको ईमेल ठेगाना उपलब्ध गराउनुहोला । तपाईंले यस ठेगानामा औपचारिक छनौट चिठी प्राप्त गर्नुहुनेछैन । तर यदि तपाईंको आवेदन छनौटमा परेमा र तपाईंले आवेदन अवस्था परीक्षण (Entrant Status Check) मार्फत उत्तर पठाउनुभएमा तपाईंले अमेरिकी विदेश मन्त्रालयबाट ईमेल मार्फत आवेदन अवस्था परीक्षण (Entrant Status Check) मा तपाईंको आप्रवासी भिसाको अन्तर्वार्ताको विवरण उपलब्ध हुने जानकारी प्राप्त गर्नुहुनेछ । अमेरिकी विदेश मन्त्रालयले तपाईंलाई यस ईमेल ठेगानामा सम्पर्क गर्न सक्नेछ तर तपाईं डिभी कार्यक्रमका लागि छनौट हुनुभएको छ भनेर चाहिँ तपाईंलाई कहिल्यै पनि ईमेल पठाउने छैन ।**

**१२. तपाईंले हालसम्म हासिल गर्नुभएको उच्चतम शिक्षा कति हो** ? तपाईंले यी मध्ये कुनै एक छान्नुपर्दछ : (१) प्राथमिक विद्यालय मात्र, (२) माध्यमिक विद्यालय तर पूरा नगरेको, (३) माध्यमिक विद्यालय पूरा, (४) व्यावसायिक विद्यालय, (५) विश्वविद्यालयमा केही कक्षाहरू लिएको, (६) विश्वविद्यालयको डिग्री हासिल गरेको, (७) केही स्नातक तहका विषयहरू पढेको, (८) स्नातकोत्तर, (९) केही विद्यावारिधी तहका विषयहरू पढेको, र (१०) विद्यावारिधी हासिल ।

**१३. वैवाहिक स्थिति** - अविवाहित, विवाहित, पारपाचुके, विधवा, वा कानूनी रुपमा अलग्गिएर बसेको ।

**१४. सन्तानको संख्या** - आवेदनमा आफ्नो पति वा पत्नी तथा सबै जीवित प्राकृतिक सन्तानको नाम, जन्म मिति र जन्म स्थान समावेश गरिएको हुनुपर्दछ । आवेदनमा आफूले कानूनी रुपमा धर्मसन्तान ग्रहण गर्नुभएको सबै जीवित सन्तान र तपाईंले आवेदन भर्दाको समयमा २१ वर्ष मुनि रहेका अविवाहित सौतेला सन्तानको विवरण पनि समावेश गरिनुपर्दछ चाहे तपाईं सो सन्तानको आमा वा पितासँग कानूनी रुपमा विवाहित रहनुभएको होस् वा नहोस् र चाहे तपाईंको पति वा पत्नी वा सन्तान तपाईंसँग वसोवास गरेको होस् वा नहोस् र/वा तपाईंसँग आप्रवासन गर्ने हुन् वा नहुन् । कृपया याद गर्नुहोस् विवाहित सन्तान र २१ वर्ष वा माथिका सन्तान डिभीका लागि योग्य हुने छैनन् । तर केही अवस्थामा अमेरिकी कानूनले उमेर पुगिसकेका

सन्तानलाई पनि छुट प्रदान गर्दछ । यदि तपाईंले आफ्नो अविवाहित सन्तान २१ वर्षको उमेर नुपग्दै आवेदन बुझाउनुभएको थियो र भिसा जारी हुने समयभन्दा अगाडि सो सन्तान २१ वर्ष पुगेमा उसलाई चाइल्ड स्टेटस प्रोटेक्शन ऐन अन्तर्गत २१ वर्ष मुनिकै उमेर ठहर भई उसको भिसा उपर कार्यवाही हुनेछ । अमेरिकी नागरिक वा कानूनी स्थायी वासिन्दाका रुपमा रहेका पति वा पत्नी वा सन्तानको नाम उल्लेख गर्नुपर्दैन किनभने उनीहरू डिभी भिसाका लागि योग्य हुने छैनन् । सबै सन्तानको नाम उल्लेख गर्नबाट चुक्नुभएमा तपाईंको आवेदन रद्द हुनेछ र भिसा अन्तर्वार्ताका समयमा भिसा जारी गरिने छैन । बारम्बार सोधिने प्रश्न नं ११ हेर्नुहोस् ।

**१५. पति वा पत्नीसम्बन्धी जानकारी** - नाम, जन्म मिति, लिङ्ग, जन्म शहर/गाउँ, जन्म देश, र फोटो । सबै सन्तानको नाम उल्लेख गर्नबाट चुक्नुभएमा तपाईंको आवेदन रद्द हुनेछ र भिसा अन्तर्वार्ताका समयमा भिसा जारी गरिने छैन । भिसाको लागि आवेदन गर्नुभन्दा अगाडि नै पारपाचुके गर्ने योजना भएता पनि तपाईंले आफ्नो पति वा पत्नीको विवरण उल्लेख गर्नुपर्दछ ।

**१६. सन्तानसम्बन्धी जानकारी** - नाम, जन्म मिति, लिङ्ग, जन्म शहर/गाउँ, जन्म देश, र फोटो । माथि प्रश्न नं १४ मा उल्लिखित सम्पूर्ण बालबच्चाको विवरण समावेश गरिनुपर्दछ ।

## आवेदकको छनौट

**हरेक क्षेत्र र देशका लागि छुट्याइको संख्याको आधारमा कम्प्युटरले योग्य आवेदनहरू मध्येबाट गोलाप्रथाबाट आवेदकहरूको छनौट गर्दछ । सबै डिभी-२०१४ आवेदकहरूले आफ्नो डिभी कार्यक्रमको लागि छनौट भए नभएको पत्ता लगाउन डिभी-२०१४ अन्लाइन आवेदन दर्ताका बेला प्राप्त युनिक कन्फर्मेशन नम्बर प्रयोग गरी ई-डिभी वेबसाइटको आवेदन अवस्था परीक्षण (Entrant Status Check) मा गई हेर्नुपर्दछ । आवेदन अवस्था परीक्षण (Entrant Status Check) ई-डिभीको वेबसाइट www.dvlottery.state.gov मा सन् २०१३ मे १ देखि सन् २०१४ जुन ३० सम्म उपलब्ध हुनेछ । छनौट भएकाहरू कन्फर्मेशन पेजमा पुग्नेछन् जहाँ अमेरिका आप्रवासनका लागि लाग्ने शुल्क लगायतका जानकारीहरू उपलब्ध गराइएको हुन्छ । डिभी-२०१४ को लागि छनौट भएकाहरूले केवल आवेदन अवस्था परीक्षण (Entrant Status Check) मार्फत मात्र छनौट भएको जानकारी पाउनेछन् । अमेरिकी विदेश मन्त्रालयले छनौट भएको सूचना चिठी मार्फत पठाउँदैन । छनौट नभएकाहरूले आवेदन अवस्था परीक्षण (Entrant Status Check) मार्फत नै छनौट नभएको जानकारी पाउनेछन् । अमेरिकी दूतावास र महावाणिज्यदूतावासहरूले छनौट भएकाहरूको सूची उपलब्ध गराउने छैनन् ।** छनौट भएकाहरूको पति वा पत्नी तथा २१ वर्ष मुनिका अविवाहित बालबालिकाले प्रमुख आवेदकसँगै जाने गरी वा पछि सँगै बस्न जाने गरी भिसाको लागि आवेदन गर्न सक्छन् । डिभी-२०१४ भिसा सन् २०१३ अक्टोबर १ देखि सन् २०१४ सेप्टेम्बर ३० का बीच जारी गरिनेछन् ।

योग्यताका मापदण्ड पुगेका छनौट भएकाहरू र उनीहरूका योग्य पारिवारिक सदस्यहरूको आवेदन उपरको कार्यवाही र उनीहरूलाई डिभी जारी २०१४ सेप्टेम्बर ३० भित्र गरिसक्नुपर्छ । सो मिति पश्चात् कुनै पनि

हालतमा डिभी जारी गर्न मिल्ने छैन न त कुनै पनि परिवारिक सदस्यले सो मिति पश्चात् अमेरिका गैसकेका प्रमुख आवेदकसँग वसोवास गर्न जानका लागि डिभी प्राप्त गर्न सक्नेछ ।

अमेरिका आप्रवासनका लागि डिभी प्राप्त गर्नका लागि विनाक्रमबद्ध ढंगले छनौटमा परेका आवेदकहरूले अमेरिकी कानून बमोजिमका सबै योग्यताका मापदण्डहरू पूरा गरेको हुनुपर्दछ । यी मापदण्डहरू अन्तर्गत आतंकवादीको प्रायोजन गर्ने राज्यको रुपमा पहिचान गरिएका देशहरू लगायत, तर सोमा सीमित नरही, यस सूचनामा सूचित केही देशका नागरिकको कागजात उपरको छानवीन अलि कढाइका साथ हुन सक्ने र कार्यवाही प्रक्रियामा अलि बढी समय लाग्न सक्नेछ ।

## महत्वपूर्ण सूचना

**वार्षिक डिभी कार्यक्रमका लागि बुझाइने इलेक्ट्रोनिक अन्लाइन आवेदन निःशुल्क रहेको छ । अमेरिकी विदेश मन्त्रालयले आवेदन बापत् कुनै शुल्क लिदैन ।** अमेरिकी सरकारले डिभी कार्यक्रमका लागि कुनै पनि बाह्य कन्सल्टेण्ट वा निजी सेवाहरू सञ्चालन गर्दैन । कुनै पनि मध्यस्थ व्यक्ति वा एजेन्सीले तपाईंको डिभीको आवेदन भर्न मद्दत गर्ने प्रस्ताव राख्छ भने उसले सो कार्य अमेरिकी सरकारको अनुमति वा सहमति बिना गरेको हुन्छ । आवेदकले आफ्नो डिभी भर्न त्यस्ता बाह्य मध्यस्थ व्यक्ति वा एजेन्सीको सहायता लिंदा आफ्नो स्वविवेक प्रयोग गर्नुपर्दछ । डिभी कार्यक्रममा भाग लिन आफूलाई आधिकारिक रुपमा दर्ता गराउन सकिने एउटै मात्र वेबसाइट **www.dvlottery.state.gov** हो ।

यदि सबै निर्देशन पालना गरी आवेदन भरिएको छ भने आवेदक आफैले भर्नु र बाह्य एजेन्सीको सहयोगद्वारा भर्नुमा केही फरक हुनेछैन । आफैले भरेको आवदेन पनि कम्प्युटरद्वारा छानिन सक्ने उत्तिकै सम्भावना छ । तर जहाँसुकैबाट आवेदन भरिएको भएता पनि एक व्यक्तिको एकभन्दा बढी आवेदन परेमा सो व्यक्तिको दर्ता रद्द हुनेछ ।

## बारम्बार सोधिने प्रश्नहरु

### १. "एलजिबिलिटी", "नेटिभ", र "चार्जेबिलिटी" भन्नाले के बुझिन्छ ? योग्यताको देशमा नजन्मिएका मानिसहरुले पनि आवेदन दिन पाउने कुनै अवस्था हुन्छ?

तपाईंको योग्यताको देश (country of eligibility) भन्नाले तपाईं जुन देशमा जन्मिनुभएको हो, त्यही देश बुझिन्छ । योग्यताको देश भनेको तपाईं अहिले बस्ने गरेको देश होइन । नागरिक (native) भन्नाले कुनै निश्चित देशमा जन्मिएको मानिस हो र उ अहिले कुन देशमा वसोवास गरिरहेको छ वा अहिले कुन देशको नागरिकता लिएको छ भन्ने कुराको यसमा सरोकार रहँदैन । अध्यागमनको प्रयोजनका लागि "नागरिक"

भन्नाले इमिग्रेसन एण्ड नेसनलिटी एक्ट को सेक्सन २०२ (बी) अनुसार आफू जन्मिएको देशबाहेक अन्य देशबाट पनि दाबी (charge) गर्न सक्ने व्यक्ति भन्ने बुझिन्छ ।

उदाहरणका लागि यदि तपाई जन्मिएको देशबाट यो वर्षको डिभी कार्यक्रममा आवेदन गर्न मिल्दैन भने पनि तपाई आफ्नो पति वा पत्नी जन्मिएको देशबाट दाबी (chargeability) को लागि योग्य हुन सक्नुहुनेछ । तर यस्तो अवस्थामा तपाईंको योग्यता तपाईंको पति वा पत्नीमा भर पर्ने हुँदा उहाँ पनि डिभी-२ का लागि योग्य नभइकन र यो भिसा उहाँले प्राप्त नगरिकन तपाई यो भिसाको लागि योग्य हुन वा प्राप्त गर्न सक्नुहुनेछैन । फेरी, तपाईंहरु दुवैले आफ्नो डिभीसहित एकैसाथ अमेरिका प्रवेश गर्नुपर्नेछ । यसैगरि आश्रित वालक पनि उसको वुवाआमा जन्मेको देशका आधारमा दावी योग्य (charged) हुन सक्छन् ।

साथै, तपाई यो वर्षको डिभी कार्यक्रमका लीग योग्यताको देशमा नजन्मिएको भएपनि तपाईंको आमा अथवा वुवा जन्मेको देशका आधारमा दावीका लागि योग्य हुन सक्नुहुनेछ । तर यसका लागि तपाई जन्मेका बखत उहाँहरुमध्ये कोही पनि कार्यक्रमका लागि अयोग्य देशको वासिन्दा भएको हुनु हुनेछैन । सामान्यतया, मानिसहरुलाई उनीहरु नजन्मिएको वा कानुनी रुपमा देशीयकृत नभएको देशका वासिन्दा मानिँदैन । उनीहरुले भ्रमण गर्दै गरेको, अस्थायी रुपमा अध्ययन गर्दै गरेको, र आफू जन्मिएको बाहेक अरु देशको सरकार वा कम्पनीका लागि कार्य गर्ने क्रममा अस्थायी रुपमा वसोवास गरिरहेको देशलाई उनीहरुको वसोवासको देश मान्न सकिँदैन । यसरी वैकल्पिक दावी (alternate chargeability) गर्ने हो भने तपाईंले इ-डिभी को फर्म भर्दैखेरी प्रश्न संख्या ६ मा यो कुरा उल्लेख गर्नुपर्नेछ । कृपया ध्यान दिनुहोस् कि तपाईंले योग्यता वा दावी (eligibility or chargeability) मा गलत देश उल्लेख गरेको अवस्थामा तपाईंको आवेदन रद्द हुन सक्नेछ ।

## २. मेरो छनौट भएको सूचना मलाई आयो भने त्यो आधिकारिक हो भन्ने कसरी थाहा पाउने ? चिठ्ठाको रुपमा छानिने कार्यक्रममा मेरो छनौट भएको कुराको निर्क्यौल कसरी गर्ने ?

**तपाईंले अनलाईन फर्म भर्दा प्राप्त हुने कन्फर्मेशन पेजलाई कम्तीमा जुन २०१४ सम्म सुरक्षित राख्नुहोस् ।** इ-डिभी को वेवसाइट www.dvlottery.state.gov मा आवेदन अवस्था परीक्षण (Entrant Status Check) बाट सूचना प्राप्त गर्नका लागि तपाईंको कन्फर्मेशन नम्बर अनिवार्य हुन्छ । डिभी-२०१४ का आवेदकहरुले सूचना प्राप्त गर्ने एकमात्र माध्यम भनेको आवेदन अवस्था परीक्षण (Entrant Status Check) नै हो । यसैमार्फत उनीहरुले अगाडिको प्रक्रिया कसरी बढाउने भन्ने जानकारी पाउँछन् र भिसा अन्तर्वार्ताको मिति र समयबारे पनि जानकारी पाउँछन् । डाइभर्सिटी भिसा कार्यक्रमको अनलाइन आवेदन दिने र आवेदनपश्चात् आफ्नो अवस्था (status) को जानकारी पाउने एकमात्र आधिकारिक माध्यम भनेकै इ-डिभीको वेवसाइट www.dvlottery.state.gov हो ।

तपाईंको अवस्थाको जानकारी उक्त वेवसाइटमा २०१३ मे १ देखि प्राप्त हुनेछ र यो कम्तीमा पनि २०१४ जुन ३० सम्म त्यहाँ राखिने छ । **तपाईंले डिभी आवेदनको अवस्था थाहा पाउनका लागि आफ्नो कन्फर्मेशन सूचना सुरक्षित राख्नु पर्नेछ ।** डिभी चिठ्ठामा छनौट भएका व्यक्तिहरुले मात्र भिसाका लागि थप प्रक्रियाबारे जानकारी पाउनेछन् । चिठ्ठामा छनौट नहुने व्यक्तिहरुले भने माथि उल्लिखित आधिकारिक डिभी वेवसाइटमा

छनौट नभएको जानकारी मात्र पाउनेछन् र भिसाको थप प्रक्रियाबारे जानकारी पाउनेछैनन् । तपाईंले आफ्नो आवेदनबारे अमेरिकी दूतावास र कन्सुलेटहरुबाट जानकारी पाउन सक्नुहुनेछैन किनभने उनीहरुले उपरोक्त आवेदन अवस्था परीक्षण (Entrant Status Check) हेर्न सक्दैनन् । साथै अमेरिकी स्टेट डिपार्टमेन्टले छानिएका व्यक्तिहरुको सूची पनि उपलब्ध गराउँदैन ।

चिठ्ठाबाट छानिएका व्यक्तिहरुले इ-डिभी वेवसाइट www.dvlottery.state.gov को आवेदन अवस्था परीक्षण (Entrant Status Check) मार्फत डिभी भिसा आवेदनको जानकारी पाउँछन् । यसरी प्राप्त हुने सूचनाअनुसार उनीहरुले डिभी र आप्रवासी भिसाको लागि चाहिने दस्तुर आफैं उपस्थित भई अमेरिकी दूतावास वा कन्सुलेटमा भिसा अन्तर्वार्ता दिने बेला बुझाउनुपर्नेछ । कन्सुलरको क्यासियरले भिसा आवेदकलाई तत्कालै अमेरिकी सरकारको रसीद दिनेछन् । छानिएका व्यक्तिहरुले कुनै पनि हालतमा हुलाक, वेस्टर्न युनियन, वा अन्य कुनै पनि माध्यमबाट डिभीको शुल्क बुझाउनु हुँदैन । अमेरिकामै रहिरहेका आवेदकहरुले भने अमेरिकी बैंक मार्फत कसरी शुल्क बुझाउने भन्ने छुट्टै जानकारी पाउनेछन् ।

इ-डिभी कार्यक्रमका लागि अमेरिकी सरकारको आधिकारिक इ-डिभी वेवसाइट www.dvlottery.state.gov मार्फत इन्टरनेटबाट आवेदन दिनुपर्नेछ । चिठ्ठामा छानिने व्यक्तिहरुले इमेलबाट सूचना पाउने छैनन् । अमेरिकी सरकारले हालसम्म कहिल्यै पनि छानिने व्यक्तिहरुलाई इमेलमार्फत सूचना पठाएको छैन । इ-डिभी २०१४ का लागि पनि इमेलबाट सूचना पठाउने छैन । छानिएका व्यक्तिहरुले आवेदन अवस्था परीक्षण (Entrant Status Check) मा प्राप्त निर्देशनअनुसार कार्य गरिसकेपछि मात्र भिसा अन्तर्वार्ताको मितिबारे इमेल एलर्ट प्राप्त गर्नेछन् । यस्तो एलर्टमा उनीहरुको भिसाको मिति वा समय उल्लेख हुँदैन, बरु यससम्बन्धी विवरण माथि उल्लिखित आवेदन अवस्था परीक्षण (Entrant Status Check) मा हेर्ने निर्देशन दिइएको हुन्छ ।

कृपया ध्यान दिनुहोस् कि अमेरिकी सरकारका आधिकारिक वेवसाइटहरुमा अन्तमा ".gov" हुन्छ । अन्तमा ".com", ".org", वा ".net" हुने कतिपय गैरसरकारी वेवसाइटहरुले भिसासम्बन्धी सूचना राख्ने गरेको पाइएको छ । यस्ता वेवसाइटमा जेजस्ता सूचना भएपनि ती अमेरिकी सरकारसँग सम्बद्ध छैनन् ।

कुनै कुनै वेवसाइटले सर्वसाधारणलाई झुक्याउन आधिकारिक वेवसाइट हो कि जस्तो भान पार्ने प्रयास गर्छन् र तपाईंलाई लोभ्याउन इमेल पठाउन सक्छन् । यस्ता वेवसाइटले तपाईंलाई आप्रवाससम्बन्धी सूचना र फारमहरु भर्नका लागि भन्दै पैसा माग्न सक्छन् । तर यस्तो सूचना र फारमहरु अमेरिकी स्टेट डिपार्टमेन्ट तथा अमेरिकी दूतावास र कन्सुलेटहरुमा निःशुल्क पाइन्छ । तपाईंलाई ठग्ने उद्देश्यले यी वेवसाइटहरुले तपाईंलाई अनावश्यक बहानामा (जस्तै डिभी वा भिसा आवेदन शुल्क) पैसा तिराउन खोज्छन् । तपाईंहरुले यस्ता ठगहरुलाई पैसा पठाउनुभयो भने तपाईंको पैसा डुब्नेछ । साथै तपाईंले आफ्नो व्यक्तिगत सूचना यी वेवसाइटहरुमा पठाउनुभयो भने उनीहरुले तपाईंको सूचनाको दूरुपयोग गर्न सक्नेछन् ।

**३. कुनै देशका नागरिक (नेटिभ) हरु किन डिभी कार्यक्रमका लागि योग्य हुँदैनन् ?**

डिभी कार्यक्रमको उद्देश्य भनेको ऐतिहासिक रुपमा धेरै संख्यामा अमेरिकामा बसाईं सर्दै आएका देशबाट भन्दा अन्य देशका नागरिकलाई आप्रवासको मौका उपलब्ध गराउनु हो । अमेरिकी कानुनले गरेको व्यवस्था अनुसार धेरै संख्यामा मानिस आइसकेका देशका लागि आप्रवासी भिसा उपलब्ध गराउन मिल्दैन । यो कानुनका अनुसार विगत पाँच वर्षमा कुनै देशबाट ५०,००० मानिसले पारिवारिक वा रोजगारीका कारण अमेरिकाको आप्रवासी भिसा पाइसकेका छन् भने त्यस्तो देश यो कार्यक्रममा सहभागी हुन पाउने छैन । हरेक वर्ष अमेरिकी नागरिक तथा आप्रवासी सेवा (USCIS) ले यसरी पारिवारिक वा रोजगारीका कारण अमेरिका बसाईं सर्ने मानिसको तथ्यांक अद्यावधिक गर्ने गर्छ, जसबाट वार्षिक डिभी कार्यक्रमका लागि अयोग्य हुने देशको निर्क्यौल हुने गर्दछ । हरेक वर्ष यो तथ्यांकमा फेरबदल हुने कारणले हरेक वर्षको डिभी कार्यक्रमका लागि योग्य देशको सूची परिवर्तन हुने गर्दछ ।

### ४. डिभी-२०१४ का लागि सांख्यिक सीमा कति छ ?

कानुनअनुसार कुनै पनि वर्ष डिभी कार्यक्रमबाट बढीमा ५५,००० योग्य व्यक्तिलाई मात्र स्थायी वसोवासको भिसा दिन मिल्छ । तर अमेरिकी कँग्रेसले १९९७ नोभेम्वरमा पारित गरेको कानुन Nicaraguan Adjustment and Central American Relief Act (NACARA) अनुसार डिभी-१९९९ पश्चात् आवश्यक हुँदासम्म यी ५५,००० मध्ये ५,००० को कोटा यस (NACARA) कार्यक्रमका लागि छुट्याइनेछ । यसरी ५,००० संख्या घटाउने क्रम डिभी-२००० देखि शुरु भई डिभी-२०१४ सम्म कायमै छ ।

### ५. क्षेत्रीय रुपमा डिभी-२०१४ का लागि सांख्यिक सीमा कति छ ?

अमेरिकी नागरिक तथा आप्रवासी सेवा (USCIS) ले इमिग्रेशन एण्ड नेशनिलिटी एक्ट (INA) को दफा २०३ (सी) अनुसार हरेक वर्ष डिभीको क्षेत्रीय सीमा निर्धारण गर्ने गर्छ ।

### ६. डिभी-२०१४ कार्यक्रमका लागि आवेदन दिने अवधि कुन हो ?

डिभी-२०१४ को आवेदन दर्ता अमेरिकी समयअनुसार २०१२ अक्टोवर २ तारिख मंगलबार मध्यान्नदेखि नोवेम्वर ३ शनिवार मध्यान्नसम्म खुल्नेछ । यो दर्ता समयभित्र हरेक वर्ष लाखौं मानिसले आवेदन फारम भर्दछन् । फारम भर्नेको अत्यधिक संख्याका कारण छनौटको प्रक्रिया अत्यन्तै कठिन हुने गर्दछ । अक्टोवर २ देखि नोवेम्वर ३ सम्मको समयले आवेदकहरु र हाम्रा दूतावास तथा कन्सुलेटहरुको कार्यभारलाई केही व्यवस्थित गर्न मद्दत गर्नेछ । यो आवेदन अवधिको शुरुमै फारम भर्नुहुन आवेदकहरुलाई अनुरोध गरिन्छ । अन्तिमतिर फारम भर्दा अत्यधिक चापका कारण सिस्टम ढीला हुन सक्छ । नोवेम्वर ३ को मध्यान्नपछि कुनै पनि हालतमा आवेदन ग्रहण गरिने छैन ।

### ७. अमेरिकाबाट पनि कार्यक्रममा आवेदन दिन मिल्छ ?

मिल्छ । आवेदक अमेरिका वा अन्य जहाँ भएपनि त्यहींबाट आवेदन दिन मिल्छ ।

**८. कुनै आवेदकले वार्षिक डिभी आवेदन अवधिमा एकभन्दा बढी आवेदन दिन मिल्छ ?**

मिल्दैन । कानुनअनुसार एक व्यक्तिले एक वर्षको आवेदन अवधिमा एउटै मात्र आवेदन दिन पाउँछ । एकभन्दा बढी आवेदन दिनेको आवेदन रद्द हुनेछ । स्टेट डिपार्टमेन्टले प्रविधिहरुको प्रयोग गरी एकभन्दा बढी आवेदन दिनेको पहिचान गर्दछ र उनीहरुको इलेक्ट्रोनिक रेकर्ड स्थायी रुपमा राखिन्छ ।

**९. श्रीमान् वा श्रीमतिले अलग अलग आवेदन दिन पाउँछन् ?**

पाउँछन् । श्रीमान् र श्रीमति दुवै आवेदनका लागि योग्य छन् भने उनीहरुले अलग अलग आवेदन दिन् पाउँछन् । उनीहरुमध्ये जो छानिए पनि अर्कोले आश्रितको रुपमा भिसा आवेदन गर्न पाउँछ ।

**१०. मेरो इ-डिभी आवेदन फारममा परिवारका कुनकुन सदस्य उल्लेख गर्नुपर्ला ?**

**तपाईंको आवेदनमा पति वा पत्नीको विवरण उल्लेख गर्नुपर्छ ।** साथै २१ वर्ष मुनिका सवै अविवाहित जीवित सन्तानको विवरण उल्लेख गर्नुपर्छ, चाहे उनीहरु तपाईंसँगै वस्ने हुन् वा नहुन्, अथवा तपाईं अमेरिका वसाईं सर्दा तपाईंसँगै आउन इच्छुक हुन् वा नहुन् । तपाईं आफ्नो पति वा पत्नीसँग अलग बस्दै हुनुहुन्छ भने पनि कानुनी र लिखित रुपमा पारपाचुके नभएको अवस्थामा पति वा पत्नीको नाम उल्लेख गर्नुपर्नेछ । कानुनी रुपमा पारपाचुके भएको अवस्थामा भने पूर्व पति वा पत्नीको नाम उल्लेख गर्नुपर्दैन । इ-डिभीको अनलाइन फारम भर्दाखेरी नै तपाईंले आफ्नो २१ वर्ष मुनिका सवै अविवाहित जीवित सन्तानको नाम उल्लेख गर्नुपर्नेछ, चाहे ती तपाईंका आफ्नै सन्तान हुन् वा तपाईंका पति वा पत्नीका सन्तान हुन्, वा तपाईंद्वारा कानुनी रुपमा धर्मसन्तानका रुपमा ग्रहण गरिएका हुन् । तर ती सन्तान अमेरिकी नागरिक वा अमेरिकाका स्थायी कानुनी आप्रवासी हुन् भने उनीहरुको नाम उल्लेख गर्नुपर्दैन । इलेक्ट्रोनिक फारम भर्दाको बखत २१ वर्ष मुनि रहेका सवै सन्तानको नाम उल्लेख गर्नुहोस् ।

आफ्ना सन्तानको विवरण उल्लेख गर्नेवित्तिकै उनीहरु तपाईंसँगै अमेरिका जानुपर्छ भन्ने होइन । उनीहरुले नजाने निर्णय पनि गर्नसक्छन् । तर तपाईंले शुरुको इलेक्ट्रोनिक आवेदनमा आफ्ना योग्य सन्तानको विवरण उल्लेख गर्नुभएन तर पछि भिसा आवेदन गर्दा उनीहरुको नाम उल्लेख गर्नुभयो भने तपाईंको आवेदन रद्द हुनेछ ।

**११. के मैले आफ्नो समलिङ्गी पति वा पत्नीलाई आफ्नो डिभी आवेदनमा समावेश गराउन सक्छु ?**

सक्नुहुन्न । किनभने संयुक्त राज्य अमेरिकामा आप्रवासन गर्ने प्रयोजनका लागि अमेरिकी आप्रवासन कानूनले समलिङ्गी विवाहलाई मान्यता दिएको छैन । तर तपाईंको समलिङ्गी पति वा पत्नीले सबै योग्यताका मापदण्डहरू पुऱ्याएको छ भने उसले आफ्नो छुट्टै डिभी आवदेन भर्न सक्छ ।

**१२. मैले आफ्नो आवेदन आफैले पेश गर्नु पर्नेछ वा अन्य कसैले पनि पेश गरिदिनसक्नेछ ?**

तपाईंले आफ्नो आवेदन आफैले तयार गरी पेश गर्नसक्नुहुनेछ वा अन्य कसैले पनि पेश गरिदिनसक्नेछ। आवेदक स्वयंले आवेदन पेश गरेको होस् वा वकिल, साथी, नातेदार, आदिको सहयोग लिई आवेदन पेश गरिएको होस् एक व्यक्तिको नामबाट केवल एउटा मात्र आवेदन पेश गर्न सकिनेछ, र आवेदनमा दिइएको जानकारी सही र पूर्ण रहेको जिम्मेवारी केवल डाइभर्सिटी भिसाको आवेदनमा इङ्कित व्यक्तिले लिनुपर्नेछ। सबै आवेदकहरूले र छनौट नभएकाहरूले समेत एन्ट्रान्ट स्टेटस चेक मार्फत आफ्नो स्टेटस सन् २०१३ मे १ देखि ई-डिभीको वेबसाइट [www.dvlottery.state.gov](http://www.dvlottery.state.gov) मा हेर्न सक्नेछन्। आफ्नो आवेदन छनौट भएको नभएको स्वतन्त्र रुपमा बुझ्न आफ्नो कन्फर्मेशन पेजको जानकारी आवेदकहरू आफैले सुरक्षित राख्नुपर्दछ।

## १३. शिक्षा वा कामको अनुभवसम्बन्धी आवश्यकता के-के हुन् ?

अमेरिकी आप्रवासन कानून र नियम अनुसार हरेक डाइभर्सिटी भिसाका आवेदकसँग कम्तीमा माध्यमिक विद्यालयस्तरको शिक्षा वा त्यसको समानार्थ शिक्षा वा विगत पाँच वर्षमा दुई वर्षको कामको अनुभव हुनुपर्दछ - त्यस्तो काम जसको लागि कम्तीमा दुई वर्षको तालिम वा अनुभव आवश्यक पर्दछ। "माध्यमिक तहको शिक्षा वा त्यसको समानार्थ शिक्षा" को अर्थ संयुक्त राज्य अमेरिकामा सफल रुपमा बाह्र वर्षे प्राथमिक र माध्यमिक शिक्षा हासिल गरेको वा संयुक्त राज्य अमेरिकाको माध्यमिक विद्यालय स्तरको शिक्षा सरहको औपचारिक प्राथमिक तथा माध्यमिक शिक्षा कुनै अन्य देशमा सफलताका साथ पूरा गरेकोलाई मानिनेछ। केवल औपचारिक पाठ्यक्रमलाई मात्र मान्यता दिइनेछ। पत्राचार पाठ्यक्रम वा समानान्तर प्रमाणपत्र (जस्तै जेनेरल इक्विभ्यालेन्सी डिप्लोमा (जीईडी)) लाई मान्यता दिइनेछैन। शिक्षा वा कामको अनुभवको कागजीय प्रमाण भिसा अन्तर्वार्ताका बेला कन्सुलर अधिकृतसमक्ष प्रस्तुत गर्नुपर्नेछ।

## १४. डिभी कार्यक्रमका लागि के-के पेशाहरू योग्य हुन्छन् ?

कामको अनुभवका आधारमा योग्यता निर्धारण गर्न युएस् डिपार्टमेन्ट अफ लेबर (डीओएल) को डेटाबेस **O*Net OnLine** मा उपलब्ध परिभाषाहरू प्रयोग गरिनेछन्। **O*Net Online Database** ले कामको अनुभवलाई पाँच "job zone" मा विभाजित गरेको छ। धेरै पेशाहरू डीओएलको वेबसाइटमा सूचीकृत गरिएता पनि केवल केही निश्चित पेशाहरू मात्र डिभी कार्यक्रमका लागि योग्य हुनेछन्। कामको अनुभवको आधारमा डिभीका लागि योग्य हुनका लागि तपाईंले विगत पाँच वर्षमा Specific Vocational Preparation (SVP) range को ७ वा माथि वर्गीकृत Job Zone ४ वा ५ अनुरुपको पेशामा दुई वर्षको अनुभव हुनुपर्दछ।

## १५. डिपार्टमेन्ट अफ लेबरको वेबसाइटमा योग्यतामूलक पेशारु कसरी भेट्टाउन सक्छु ?

डिभीका लागि योग्य हुने पेशाहरू डिओलको **O*Net Online Database** मा भेट्टाउन सक्नुहुनेछ। तपाईंको पेशा डिभीको लागि योग्य रहे नरहेको थाहा पाउन यी कदमहरूको पालना गर्नुहोस् : "Find Occupations" सेलेक्ट गर्नुहोस् र निश्चित "Job Family" सेलेक्ट गर्नुहोस्। उदाहरणको लागि आर्किटेक्चर वा इन्जिनियरिङ्ग सेलेक्ट गर्नुहोस् र "GO" थिच्नुहोस्। र specific Occupation को लिङ्क थिच्नुहोस्। सोही उदाहरण अनुशरण गर्दै "Aerospace Engineers" क्लिक गर्नुहोस्। specific Occupation को लिङ्क सेलेक्ट गरिसकेपछि Job Zone number र Specific Vocational Preparation (SVP) पत्ता लगाउन "Job Zone" ट्याब सेलेक्ट गर्नुहोस्। थप जानकारीका लागि Diversity Visa – List of Occupations वेबपेज हेर्नुहोस्।

### १६. सफल आवेदकहरूको छनौट कसरी गरिन्छ ?

हरेक क्षेत्रबाट प्राप्त आवेदनहरूलाई अलग अलग रुपमा संख्याकृत गरिन्छ र दर्ता अवधिको अन्त्यमा हरेक भौगोलिक क्षेत्रबाट प्राप्त आवेदनहरूलाई कम्प्युटरले विनाक्रमबद्ध रुपमा छनौट गर्दछ । हरेक क्षेत्रमा विनाक्रबद्ध रुपमा छनौट हुने पहिलो आवेदन पहिलो केसको रुपमा दर्ता हुन्छ र दोस्रो छनौटमा परेको आवेदन दोस्रो केसको रुपमा दर्ता हन्छ, आदि । दर्ता अवधिमा प्राप्त सबै आवेदनहरूको हरेक क्षेत्रभित्र छनौटमा पर्न सक्ने सम्भावना बराबर हुन्छ । जब आवेदन छनौटमा पर्छ आवेदकले छनौट भएको सूचना सन् २०१३ मे १ पश्चात् ई-डिभीको वेबसाइट **www.dvlottery.state.gov** मा उपलब्ध एन्ट्रान्ट स्टेटस चेक मार्फत प्राप्त गर्नेछ । भिसा आवदेकका रुपमा छनौट भई अमेरिकी दूतावास वा महावाणिज्यदूतमा भिसा अन्तर्वार्ताका लागि उपस्थित हुने निर्देशन नआएसम्म अमेरिकी विदेश मन्त्रालयको केन्टकी कन्सुलर सेन्टर (केसीसी) ले केस उपर कार्यवाही गर्नेछ ।

**महत्वपूर्ण जानकारी : छनौटको आधिकारिक सूचना आवेदन अवस्था परीक्षण (Entrant Status Check) को माध्यमद्वारा सन् २०१३ मे १ बाट उपलब्ध भई कम्तीमा सन् २०१४ जुन ३० सम्म ईडिभीको वेबसाइट www.dvlottery.state.gov मा उपलब्ध हुनेछ । डिपार्टमेन्ट अफ स्टेटले छनौटको सूचना वा पत्रहरु नियमित हुलाक वा इमेल मार्फत पठाउने छैन । यदि तपाईले इमेल वा पत्रमार्फत डिभी छनौट हुनु भयो भनी उल्लेख भएको पत्र वा इमेल प्राप्त गर्नृ भयो भने सतर्क हुनुहोस्  की उक्त सूचना आधिकारिक होईन । राज्य सरकारद्वारा विभागबाट प्राप्त गर्नु भएको कुनै पनि इमेल पत्राचारले तपाईलाई तपाईको निवेदनकोबारे नयाँ जानकारीको लागि प्रवेश अवस्था जाँचको लागि निर्देशित गर्दछ  । राज्य विभागले कहिले पनि तपाईंलाई मेलबाट वा Western Union लगायतबाट पैसा पठाउन भन्ने छैन ।**

### १७. छनौट भएको उम्मेदवारले USCIS सँग आफ्नो स्थितिको समायोजन गर्न सक्छ ?

सक्छ । आइएनएको द्वारा २०५ को शर्तअनुसार जो व्यक्ति संयुक्त राज्य अमेरिकामा भौतिकरुपमा उपस्थित छन् उनीहरुले USCIS मा स्थायीबसोवासको समायोजनको लागि निवेदन दिन सक्दछन् । निवेदकहरुले यो सुनिश्चित गर्नुपर्छ की उनीहरुले केश USCIS ले पनि विदेशी पति, पत्नी वा २१ वर्षमुनिको बच्चाको प्रक्रिया लागि केश कारवाही ३० सेप्टेम्वर २०१४ भन्दा अगाडी केश उपर कारवाही गरिसकेको सुनिश्चित गर्नु पर्ने छ किनकी उक्त मितिमा डिभी २०१४ कार्यक्रमको लागि तपाईले वैधानिकता समाप्त हुनेछ । कुनै पनि अवस्थामा सेप्टेम्वर ३०, २०१४ को मध्यरातपछि डिभी २०१४ को कार्यक्रमको लागि प्रवेशाज्ञा नम्वर उपलब्ध हुने छैन ।

### १८. छनौटमा नपरेका आवेदकहरुलाई जानकारी गराइने छैन ?

छनौटमा नपरेका सहित सबै आवेदकहरुको प्रवेश अवस्थाको माध्यमद्वारा उनीहरुको आवेदनको स्थितिको जाँच www.dvlottery.state.gov बाट थाहा पाउन सकिने छ । आवेदकहरुले आफ्नो confirmation पानाको जानकारी निवेदन हालेको समयदेखि कम्तीमा पनि सन् २०१४ जुन ३०  सम्म सुरक्षित राख्नु पर्ने छ । डिभी २०१४ को आवस्थाको सूचना अनलाइनमा सन् २०१३ मे १ देखि सन् २०१४ जुन ३० सम्म उपलब्ध हुनेछ । (विगत डिभी २०१३ को कार्यक्रमको जानकारी सन् २०१२ मे १ देखि सन् २०१३ जुन ३० सम्म अनलाइनमा उपलब्ध हुनेछ ।)

### १९. कति व्यक्तिहरुको छनौट गरिने छ ?

डिभी २०१४ को लागि ५०,००० डिभी भिसाहरु उपलब्ध छन् । किनकी पहिल्लो ५० हजार व्यक्तिहरु जो छनौटमा परेका छन्, तीमध्ये कोही भिसाको लागि वा प्रवेशाज्ञा जारी गर्नको लागि योग्य नहुन सक्दछन् । त्यसैले निवेदकहरु उपलब्ध सवै भिसाहरु जारी गर्न सुनिश्चित गर्नको लागि ५० हजार भन्दा बढी निवेदकहरु छनौट गरिन्छ । यद्यपि यसको मतलव यो पनि हुनसक्छ की ती सबै जो शुरुमा छनौटमा परेकाहरुको लागि पर्याप्त संख्यामा भिसाहरु नहुन सक्छन् । छनौटमा परेका सवै आवेदकहरुले उनीहरु अगाडिको प्रक्रियाको लागि छनौटमा परेका छन् की छैनन् र सूचीमा आफ्नो स्थान डिभी वेबसाइटको आवेदन अवस्था परीक्षण (Entrant Status Check) मा हेर्न सक्नेछन् । डिभी २०१४ कार्यक्रमको लागि आवश्यक सबै कागजी प्रक्रिया पूरा गर्नेहरुका अन्तर्वार्ता सन् २०१३ अक्टोबरमा शुरु हुनेछ । छनौटमा परेका आवेदकहरुलाई विदेशस्थित दूतावास वा कन्सुलेटका अमेरिकी कन्सुलर अधिकृतहरुसँग तय गरिएको अर्न्तवार्ताको बारेमा ४ देखि ६ हप्ता अगाडि डिभीको वेबसाइटको आवेदन अवस्था परीक्षण (Entrant Status Check) मार्फत जानकारी गराइनेछ । प्रत्येक महिनाको उपलब्ध भिसा संख्याको आधारमा आवेदकहरुलाई भिसा जारी गरिनेछ । ५०,००० डिभी जारी भइसके पछि, २०१४ को डिभी कार्यक्रम समाप्त हुनेछ । सिद्धान्ततः भिसा संख्याहरु सन् २०१४ सेप्टेम्वर भन्दा अगाडि सकिने छन् । भिसा प्राप्त गर्न चाहने छनौटमा परेका आवेदकहरुले आफ्नो केसमाथि तत्काल उपयुक्त प्रक्रिया शुरु गर्न तयार हुनुपर्नेछ । गोलाप्रथाबाट छनौट हुने बित्तिकै तपाईंले भिसा पाउने ग्यारेण्टी हुँदैन । छनौटको मतलव केवल तपाईं डिभी भिसाको लागि आवेदन दिन योग्य हुनुहुन्छ भन्ने मात्र हो । यदि योग्य भएमा तपाईंलाई भिसा जारी गरिने छ । छनौट भएका पहिलो ५० हजार योग्य आवेदकहरुलाई मात्र भिसा जारी गरिनेछ ।

## २०. डिभी कार्यक्रमको लागि आवेदन गर्नको लागि कुनै न्यूनतम उमेर छ ?

कार्यक्रमको लागि आवेदन गर्न कुनै न्युनतम उमेर छैन । तर प्रत्येक प्रमुख आवेदकको लागि आवश्यक पर्ने उच्च माध्यमिक शिक्षा वा कामको अनुभवका कारण १८ वर्ष मुनिका आवेदक प्रायः अयोग्य हुनेछन् । बाबुआमा र दाजुभाई दिदीवहिनी आश्रितको रुपमा डिभी भिसा प्राप्त गर्न अयोग्य छन् र प्रमुख आवेदकको आवेदनमा उनीहरुको विवरण समावेश गर्न हुँदैन ।

## २१. डिभी कार्यक्रमको लागि कुनै शुल्क लाग्छ?

विद्युतीय आवेदन बुझाउनको लागि हुनै शुल्क तिर्नु पर्दैन । डिभी आवेदकहरुले आवश्यक भिसा शुल्कहरु भिसा अन्तर्वार्ताको समयमा सिधै अमेरिकी दूतावास वा कन्सुलेटमा कन्सुलर क्याशियरलाई बुझाउनु पर्नेछ । संयुक्त राज्य अमेरिकामा रहेर अवस्था समायोजन गर्नेहरुले आवश्यक शुल्कहरु सिधै USCIS मा भुक्तानी गर्नुपर्ने छ । आवश्यम डिभी र आप्रवासी भिसा निवेदन शुल्कहरुको विवरण छनौटमा परेका निवेदकहरुलाई उपलब्ध गराईएको निर्देशनहरुमा समावेश गरिने छ ।

## २२. यदि म छनौट भएर डिभीको लागि आवेदन दिए तर भिसा पाईन भने मैले तिरेको भिसा शुल्क फिर्ता पाउन सक्छु ?

भिसा शुल्क फिर्ता हुन सक्तैन । डिभी आवेदकले प्रवेशाज्ञाको लागि यी निर्देशनमा उल्लेख गरिएको सवै योग्यताहरु पूरा गर्नुपर्नेछ । भिसाको लागि आवेदकको योग्यता पूरा नभएको कन्सुलर अधिकृतले निर्धारण

गरेको वा डिभीको लागि आवेदक अमेरिकी कानून अनुसार अयोग्य रहेको अवस्थामा कन्सुलर अधिकृतले भिसा पनि जारी गर्न सक्दैन र आवेदकले तिरेको शुल्क पनि फिर्ता पाउने छैन ।

**२३. डिभीका आवेदकहरुले भिसाको लागि अयोग्य भएको खण्डमा कुनै आधारमा छुट पाउन सक्छन् ?**

पाउन सक्दैनन् । यसका लागि अनुरोधको विशेष प्रक्रिया पनि छैन । तर अमेरिकी नागरिक वा अमेरिकी स्थायी कानूनी निवासी नातेदार रहेका केही डिभी भिसा आवेदकलाई भने छुटको विशेष प्रबन्ध रहेको छ । तर समयको पावन्दीले गर्दा डिभी आवेदकलाई यसबाट लाभ लिन कठिन छ ।

**२४. कुनै व्यक्ति जो अगाडि नै वा अर्को किसिमको आप्रवासी भिसाको लागि दर्ता भएका छन् भने डिभी कार्यक्रमको लागि आवेदन दिन सक्छन् ?**

सक्छन् ।

**२५. डिभी भिसाको लागि छनौट भएका आवेदकहरुले कहिलेसम्म आवेदन दिन सक्नेछन् ?**

डिभी २०१४ कार्यक्रमको छनौटमा परेका व्यक्तिहरुले भिसा आवेदनका लागि अमेरिकी सरकारको आर्थिक वर्ष २०१४ को अवधिभर (अर्थात् सन् २०१३ अक्टोबर १ देखि सन् २०१४ सेप्टेम्बर ३० सम्म) मात्र हकदार रहनेछन् । आर्थिक वर्षको अन्त्यसम्ममा सबै छनौटमा परेका र योग्य आवेदकहरुले आफ्नोको भिसा प्राप्त वा अवस्था समायोजन गरिसक्नुपर्नेछ । छनौटमा परेका तर सन् २०१४ सेप्टेम्वर ३० (आर्थिक वर्षको अन्त्य) सम्म भिसा प्राप्त नगरेका व्यक्तिहरुले लागि अर्को वर्ष लागि डिभी प्राप्त गर्न सक्नेछैन । साथसाथै पति वा पत्नी वा सन्तानको हकमा पनि यही कुरा लागू हुनेछ । विदेशमा आवेदन दिएका आवेदकहरुले आवेदन अवस्था परीक्षण (Entrant Status Check) मार्फत अन्तर्वार्ताको ४ देखि ६ हप्ता अगाडि जानकारी प्राप्त गर्नेछन् ।

**२६. यदि इ-डिभी मा छनौट भएको व्यक्तिको मृत्यु भएमा के हुन्छ ?**

डिभीमा छनौट भएको व्यक्तिको मृत्यु भएमा उसको डिभी केस स्वतः खारेज हुनेछ । निजका योग्य पति वा पत्नी वा सन्तानहरु पनि उक्त केसअन्तर्गत डिभी भिसा का लागि योग्य रहने छैनन् ।

**२७. इ-डिभी कहिले अनलाइनमा उपलब्ध हुनेछ ?**

अनलाइन आवेदन दर्ता अमेरिकी समय अनुसार सन् २०१२ अक्टोवर २ मंगलबार मध्यान्हदेखि २०१२ नोवेम्वर ३ शनिवार मध्यान्हसम्म खुला रहनेछ ।

**२८. के म इ-डिभी आवेदन फारम Microsoft Word वा अन्य उपयुक्त कार्यक्रममा download गरी save गरेर पछि भर्न सक्छु ?**

हुँदैन । पछि बुझाउने गरेर अन्य कुनै program मा फारम भर्न र save गर्न मिल्दैन । इ-डिभी फारम web फारम मात्र हो । यो कुनै proprietary word processor format भन्दा बढी universal हुन्छ । साथै यसको उद्देश्य फारम अनलाइन मात्र भरेर बुझाउनु हो ।

**२९. मसँग scanner छैन । के म अमेरिकामा रहेका आफन्तलाई फोटो पठाउन सक्छु, ताकि उनीहरुले फोटो स्क्यान गरेर डिस्केटमा राखी मलाई पठाउन सकुन् ?**

फोटो माथि उल्लिखित फोटोका विवराणहरु अनुरुपको छ भने मिल्छ । आवेदकले आवेदन भर्ने क्रममा नै फोटो पनि पेश गर्नुपर्ने हुन्छ । पछि छुट्टै पेश गर्न मिल्दैन । पूरै आवेदन (फोटो र आवदेन एक साथ) अमेरिका वा अन्य देशबाट इलेक्ट्रोनिक माध्यमबाट बुझाउन सकिन्छ ।

### ३०. के म अनलाइन केही फारम भरी सेभ गरेर पछि फेरि आएर बाँकी भर्न सक्छु ?

सकिदैन । ई-डिभी फारम एकैपटक भरेर पठाउनुपर्ने गरी बनाइएको भएता पनि यो फारम दुई भागमा विभाजन गरिएको छ । कहिलेकाहि इन्टरनेटमा समस्या र ढिलाइ हुनसक्छ त्यसैले यो फारम इन्टरनेटमा भर्न र पठाउन ६० मिनट समय तोकिएको हुन्छ । यदि ६० मिनटसम्ममा पनि फारम भर्ने र पठाउने काम सकिएन भने त्यहाँ भरिएको जानकारीहरू स्वतः हराएर जान्छ । यो यदि पहिला आधि मात्रै भरेर पूरा भरी पठाएँ भन्ने नहोस् भन्नका लागि हो । डिभी-२०१४ निर्देशिकाले डिभी फाराममा के-के भर्नुपर्छ भनेर प्रष्टसँग भनिएको छ । त्यसैले फारम भर्नुभन्दा अगाडि आफूलाई चाहिने सम्पूर्ण जानकारीको पूर्वतयारी गर्नुहोस् ।

### ३१. यदि ई-डिभी फारमसँगै भरेको डिजिटल फोटोको तोकिए अनुरुपको विवरण मिलेन भने डिभी प्रणालीले स्वतः फारम रद्द गर्दछ र पठाउनेलाई सूचीत गर्दछ । त्यसो भने के मैले फारम पुनः पठाउन सक्छु ?

भरिएको फारम स्वतः रद्द भएको हुनाले यो फारम ई-डिभी वेबसाइटमा पठाइएको मानिदैन । त्यसकारण तपाईले फेरि पठाउन सक्नुहुन्छ । यसले ई-डिभी फारम भरेर पठाइएको गनिने छैन र फारम पठाएको कन्फर्मेशन सूचना पठाइने छैन । यदि पठाइएको डिजिटल फोटोमा आएको समस्याको कारणले हो भने ई-डिभी वेबसाइटले स्वतः रद्द गर्नेछ । तापनि रद्द भएको सूचना प्राप्त हुन लाग्ने समयको अवधि तोक्न यकिन हुने छैन । यदि आवेदकले फारमको गल्तीलाई सच्चयाएर फारमको भाग १ वा २ एक मिनट देखि ६० मिनटसम्ममा पठाएमा समस्या हुने छैन । अन्यथा आवेदकले फेरि फारम भर्ने प्रक्रिया शुरु गर्नुपर्दछ । एक आवेदकले जबसम्म पूरा फारम भरेर कम्फर्मेशन प्राप्त गर्दैन त्यति बेलासम्म फारम भरेर पठाउन सक्ने छैन ।

### ३२. के इलेकट्रोनिक कन्फरर्मेशन सूचना ई-डिभी फारम भरेर पठाउने वित्तिकै तुरुन्त अनलाइनमा जानकारी पठाइन्छ ?

ई-डिभी वेबसाइटमा जब आवेदकले अनलाइन फारम भरेर पठाउँछ त्यसको तुरुन्तै कन्फर्मेशन नम्बर आउँछ । तर त्यो कन्फर्मेशन पाउने समय इन्टरनेटको गति अनुसार फरक पर्नसक्छ । यदि धेरै समयमा पनि कन्फर्मेशन नम्बर नआएमा पुनः submit गर्दा केही फरक पर्दैन । त्यसो गर्दा इडिभी वेवसाइट झुक्किनेछैन किनभने त्यतिञ्जेल कुनै कन्फर्मेशन नम्वर पठाइएको हुँदैन । आवेदकले आवेदन पुरा नहुञ्जेलसम्म जति पटक पनि आवेदन दिन सक्नेछ । तर, एक पटक कन्फर्मेशन नम्बर प्राप्त गरेपश्चात् तपाईंले पुन आवेदन नदिनुहोला ।

### ३३. मैले इन्टरनेट ठगी वा नचाहिँदो इमेलबारे कसरी रिपोर्ट गर्ने ?

यदि तपाई इन्टरनेट ठगीको बारेमा रिपोर्ट गर्न चाहनुहुन्छ भने कृपया www.econsumer.gov मा गई रिपोर्ट गर्न सक्नुहुनेछ । यो १७ देशका उपभोक्ता संरक्षणसम्बन्धी निकायहरुसँगको सहकार्यमा उपभोक्ता संरक्षण आयोग (फेडरल ट्रेड कमिशन) ले सञ्चालन गर्दछ । त्यस्तै फेडरल व्युरो अफ इन्वेस्टिगेशन (FBI) को

वेवसाइट http://www.ic3.gov/default.aspx मा गइ पनि उजुरी गर्न सक्नुहुनेछ। त्यसैगरी अवाञ्छित इमेलबारे डिपार्टमेन्ट अफ जस्टिसको ठेगाना http://www.justice.gov/spam.htm मा पनि रिपोर्ट गर्न सक्नुहुनेछ।

### ३४. यदि म डिभी कार्यक्रमबाट भिसा पाउन सफल भएँ भने के अमेरिकी सरकारले मलाई अमेरिका जाने हवाई टिकट, घर वा जागीर खोज्न सहयोग, स्वास्थ्य सुविधा, वा अमेरिकामा पूर्ण व्यवस्थित नभइञ्जेलका लागि केही खर्च दिन्छ ?

दिँदैन। डिभी कार्यक्रमबाट भिसा पाउने आवेदकले हवाई टिकट, आवास, वा अन्य कुनै सुविधा पाउँदैनन्। यदि तपाईंले डिभी कार्यक्रमबाट भिसाको आवेदनका लागि छानिनुभयो भने तपाई आफू अमेरिकामा सार्वजनिक भार हुन्न भनेर प्रमाणित गर्नुपर्नेछ। यस्तो प्रमाण भनेको तपाईंको व्यक्तिगत सम्पत्ति, अमेरिकामा बस्ने तपाईंको कोही आफन्त वा साथीले भरिदिएको Affidavit of Support (Form I-134), वा अमेरिकास्थित कुनै रोजगारदाताले रोजगारीको प्रस्ताव आदि हुन सक्छन्।

### डिभी-२०१४ मा भाग लिन योग्य देश/क्षेत्रहरुको सूची :

**AFRICA**
Algeria
Angola
Benin
Botswana
Burkina Faso
Burundi
Cameroon
Cape Verde
Central African Republic
Chad
Comoros
Congo
Congo, Democratic Republic of the
Cote D’Ivoire (Ivory Coast)
Djibouti
Egypt
Equatorial Guinea
Eritrea
Ethiopia
Gabon
Gambia, The
Ghana
Guinea
Guinea-Bissau
Kenya

Lesotho
Liberia
Libya
Madagascar
Malawi
Mali
Mauritania
Mauritius
Morocco
Mozambique
Namibia
Niger
Nigeria
Rwanda
Sao Tome and Principe
Senegal
Seychelles
Sierra Leone
Somalia
South Africa
South Sudan
Sudan
Swaziland
Tanzania
Togo
Tunisia
Uganda
Zambia
Zimbabwe
गाजा स्ट्रीपमा जन्मेका मानिसले इजिप्टबाट, वेस्ट ब्याङ्कमा जन्मेका मानिसले जोर्डनबाट, र गोलन हाइट्समा जन्मेका मानिसले सिरियाबाट दाबी गर्न सक्नेछन् ।

**ASIA**
Afghanistan
Bahrain
Bhutan
Brunei
Burma
Cambodia
Hong Kong Special Administrative Region
Indonesia
Iran
Iraq
Israel

Japan
Jordan
Kuwait
Laos
Lebanon
Malaysia
Maldives
Mongolia
Nepal
North Korea
Oman
Qatar
Saudi Arabia
Singapore
Sri Lanka
Syria
Taiwan
Thailand
Timor-Leste
United Arab Emirates
Yemen

एशियाबाट निम्न देशका नागरिकले यस वर्षको डिभी कार्यक्रममा सहभागी हुन पाउनेछैनन् :
Bangladesh, China (mainland-born), India, Pakistan, South Korea, Philippines, and Vietnam. Hong Kong S.A.R. (Asia), Macau S.A.R. (Europe), and Taiwan (Asia) do qualify and are listed here.

सन् १९६७ जुनभन्दा पहिले इजिप्ट, जोर्डन, र सिरियाअन्तर्गत रहेका भूभागमा जन्मेका नागरिकले सम्बन्धित देशबाट दाबी गर्न सक्नेछन् । गाजा स्ट्रीपमा जन्मेका मानिसले इजिप्टबाट, वेस्ट ब्याङ्कमा जन्मेका मानिसले जोर्डनबाट, र गोलन हाइट्समा जन्मेका मानिसले सिरियाबाट दाबी गर्न सक्नेछन् ।

**EUROPE**
Albania
Andorra
Armenia
Austria
Azerbaijan
Belarus
Belgium
Bosnia and Herzegovina
Bulgaria
Croatia
Cyprus

Czech Republic
Denmark (including components and
dependent areas overseas)
Estonia
Finland
France (including components and
areas overseas)
Georgia
Germany
Greece
Hungary
Iceland
Ireland
Italy
Kazakhstan
Kosovo
Kyrgyzstan
Latvia
Liechtenstein
Lithuania
Luxembourg
Macau Special Administrative Region
Macedonia
Malta
Moldova
Monaco
Montenegro
Netherlands (including components and dependent areas overseas)
Northern Ireland
Norway
Poland
Portugal (including components and dependent areas overseas)
Romania
Russia
San Marino
Serbia
Slovakia
Slovenia
Spain
Sweden
Switzerland
Tajikistan
Turkey
Turkmenistan

Ukraine
Uzbekistan
Vatican City

निम्न युरोपेली देशका नागरिकले यस वर्षको डिभी कार्यक्रममा सहभागी हुन पाउनेछैनन् :
Great Britain (United Kingdom). Great Britain (United Kingdom) includes the following dependent areas: Anguilla, Bermuda, British Virgin Islands, Cayman Islands, Falkland Islands, Gibraltar, Montserrat, Pitcairn, St. Helena, and Turks and Caicos Islands.

डिभी कार्यक्रमका लागि Northern Ireland र Macau S.A.R. योग्य मानिएको छ ।

**NORTH AMERICA**
The Bahamas
नर्थ अमेरिकामा क्यानाडा र मेक्सिकोका नागरिकले यस वर्षको डिभी कार्यक्रममा सहभागी हुन पाउनेछैनन् :

**OCEANIA**
Australia (including components and dependent areas overseas)
Fiji
Kiribati
Marshall Islands
Micronesia, Federated States of Nauru
New Zealand (including components and dependent areas overseas)
Palau
Papua New Guinea
Solomon Islands
Tonga
Tuvalu
Vanuatu
Sam

**SOUTH AMERICA, CENTRAL AMERICA, AND THE CARIBBEAN**
Antigua and Barbuda
Argentina
Barbados
Belize
Bolivia
Chile
Costa Rica
Cuba
Dominica
Grenada
Guatemala
Guyana
Honduras

Nicaragua
Panama
Paraguay
Saint Kitts and Nevis
Saint Lucia
Saint Vincent and the Grenadines
Suriname
Trinidad and Tobago
Uruguay
Venezuela

यो क्षेत्रबाट निम्न देशका नागरिकले यस वर्षको डिभी कार्यक्रममा सहभागी हुन पाउनेछैनन् :
Brazil, Colombia, Dominican Republic, Ecuador, El Salvador, Haiti, Jamaica, Mexico, and Peru.